# डुङ्गेश्वर गाउँपालिका डाँडापराजुल दैलेखको
# गाउँ सभाको
## १७ औं अधिवेशनमा
## गाउँपालिकाका अध्यक्ष एवम् स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक
## श्री सुन्दर कुमार के.सी.ज्यूबाट प्रस्तुत गरिएको

आ.व. २०८२/०८३ को **वार्षिक नीति तथा कार्यक्रम**

**पेश मितिः २०८२/०३/१०**

**पारित मितिः२०८२/०३/१०**

**हस्ताक्षरः**

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**गाउँ सभा सचिवज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु,**
**सबै कर्मचारीज्यूहरु,**

नेपाली जनताको लामो त्याग, बलिदान र संघर्षको माध्यमबाट प्राप्त संघीय लोकतान्त्रिक गणतन्त्रबाट स्थापित डुङ्गेश्वर गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु ।

जनताका विभिन्न आन्दोलनहरुको परिणाम स्वरुप प्राप्त नेपालको संविधानले शासकीय सत्तालाई तल्लो तहसम्म पुऱ्याएर प्रत्येक नागिरकलाई स्वशासन र सह-शासनको अधिकार सुनिश्चित गरेको छ । अहिले स्थानीय सरकारहरु सोही अधिकारको प्रयोगलाई उच्चतम विन्दुमा पुऱ्याउन तल्लीन छन्। नागरिकका अधिकार संरक्षण तथा प्रवर्द्धन गर्न अघि बढिरहेको यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका सबै आन्दोलनहरुमा आफ्नो जीवन अर्पण गर्नुहुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। शहिद, बेपत्ता तथा घाइते परिवारप्रति सम्मान सहित घाइतेको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। यसैगरी राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र र जनजीविकाको आन्दोलनको नेतृत्व गर्नु हुने सम्पूर्ण अग्रजहरू प्रति उच्च सम्मान प्रकट गर्दछु । उहाँहरूले पुऱ्याउनु भएको अमूल्य योगदानको स्मरण गर्न चाहान्छु ।

साविकको पञ्चायती संरचना देखि गाउँ विकास समिति हुदै डुङ्गेश्वर गाउँपालिका निर्माणसम्म आईपुग्दा आ-आफ्नो स्थानबाट अहम् भूमिका निर्वाह गर्ने जनप्रतिधिज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, राजनैतिक दलका नेतृत्वकर्ताहरु, समाजसेवी बुद्धिजीविहरु, विकास साझेदार संघ संस्थाहरु, गाउँपालिकामा कार्यरत कर्मचारी, नेपाल सरकार,प्रदेश सरकार, संवद्ध निकाय लगायत सम्पूर्ण गाउँपालिकावासी महानुभावहरु प्रति हार्दिक आभार प्रकट गर्दछु । यस डुङ्गेश्वर गाउँपालिका, विविधतायुक्त भूगोल, हावापानी, कला साहित्य, संस्कृति, धार्मिक सहिष्णुता र सभ्यताको संगम स्थलको रुपमा रहेको छ । प्राकृतिक स्रोत र साधनले भरिपूर्ण, सम्भावनायुक्त डुङ्गेश्वर गाउँपालिकालाई समग्र गाउँपालिकाको रणनैतिक आवधिक योजना मार्फत "सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारः समाजवाद उन्मुख, सुखी पालिकावासी र समृद्ध डुङ्गेश्वरको मूल आधार" भन्ने हाम्रो लक्ष्य पूरा गर्न कुनै कसर बाँकी राखिने छैन । सीमित स्रोत र साधानका बीच गाउँपालिकाको आन्तरिक स्रोतको पहिचान गरी अधिकतम परिचालन गर्ने स्पष्ट नीति लिइएको छ।

डुङ्गेश्वर गाउँपालिकाको "सुशासन र सर्वपक्षीय रूपान्तरणका लागि दिगो पूर्वाधारःसमाजवाद उन्मुख, सुखी पालिकाबासी र समृद्ध डुङ्गेश्वरको मूल आधार" भन्ने नाराका साथ हामी अघि बढिरहेका छौं । नागरिक सन्तुष्टि सहितको समृद्धि कायम गर्नु स्थानीय सरकारको मुख्य जिम्मेवारी हो । यस दायित्वको बोध गर्दै गाउँपालिकावासीले विश्वासका साथ प्रदान गरेको अमुल्य मतदानबाट प्राप्त जिम्मेवारी प्रति म सँधै सचेत छु। गाउँ-गाउँमा स्थानीय सरकार आएपश्चात मतदाताहरूमा विकासको अपेक्षा धेरै छ । स्रोत र साधनको सीमितताको कारण जनताका सबै विकासका अपेक्षाहरू एकै पटक पूरा गर्न कठिन छ । यसर्थ आवश्यकताको प्राथमिकता, सम्भाव्यता, औचित्यताका साथसाथै बजेटको सीमितताका बीचबाट विकासको बाटो पहिल्याउने मूल उद्देश्य सहित यो वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु।

विगतका वर्षमा जस्तै डुङ्गेश्वर गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम यस पटक पनि देहाय अनुसारका आधार र मार्गदर्शनमा टेकेर तर्जुमा गरेको छ ।

१. नेपालको संविधान,
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
३. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७,
४. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन,
५. संघीय सरकार, प्रदेश सरकार र डुङ्गेश्वर गाउँपालिकाको दोस्रो आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
६. संघीय सरकार र प्रदेश सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
७. नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा व्यक्त गरेका प्रतिबद्धताहरू,

८. नेपालले लिएका दिगो विकास सम्बन्धी लक्ष्यहरू,

९. गाउँपालिकामा रहेका विभिन्न विषयगत क्षेत्रले अबलम्वन गरेका नीतिहरू,

१०. जनताका तत्कालीन आवश्यकता र अति आवश्यक देखिएका अन्य विषयहरू,

११. सरोकारवालाहरुबाट प्राप्त सल्लाह सुझाबहरु,

**गाउँ सभाका सदस्यज्यूहरू,**

गाउँपालिकाले वार्षिक नीति तथा कार्यक्रम निर्माण गर्दा थप निम्न कुराहरूलाई विशेष रूपमा ध्यान दिइएको छ ।

- डुङ्गेश्वर गाउँपालिकालाई सुशासन युक्त गाउँपालिका बनाउने कार्यका लागि आवश्यक नीति निर्माण गरि कार्यान्वयन गरिनेछ ।
- अध्यक्ष कोषलाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका भित्र रहेका सडकहरुको स्तरोन्नति, सरसफाइ, नयाँ सडक निर्माण, विपद्को समयमा प्रयोग तथा अन्य राजश्व वृद्धि गर्न Backhoe Loader मेसिन खरिद गरी कार्यान्वयनमा ल्याइनेछ ।
- फुसको छाना मुक्त घर बनाउने अभियानलाई पूर्णता दिन "सुरक्षित नागरिक आवास कार्यक्रम" लाई निरन्तरता दिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको वडा नं. १ लाई औद्योगिक ग्राम क्षेत्र, वडा नं. २ लाई पर्यटकीय र कृषि क्षेत्र, वडा नं. ३ लाई कृषि तथा पशुपालन क्षेत्र, वडा नं. ४ लाई शैक्षिक क्षेत्र, वडा नं. ५ लाई फलफूल पकेट क्षेत्र र वडा नं. ६ लाई व्यापारिक हबको रुपमा विकास गर्ने नीति लिइनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्र रहेका सडकहरुको लगत कट्टा गर्ने कार्य शुरु गरिनेछ ।
- सिमित स्रोतवाट अधिकतम प्रतिफल प्राप्तिका लागि विभिन्न सरकारी तथा गैर सरकारी निकायसंग साझेदारी रूपमा गरिने कार्यलाई विशेष प्राथकितामा राखिनेछ ।
- राष्ट्रिय, अन्तर्राष्ट्रिय संघसंस्थाहरु जस्तैः जलवायु परिवर्तन अनुकूलन परियोजना (LACC), हेल्भेटास नेपाल, एभरेष्ट क्लब, सोसेक, एनसीई नेपाल, नेपाल रेडक्रस सोसाइटी आदि एकल तथा साझेदारी सहयोगबाट सञ्चालन हुने आयोजनाहरु समन्वय सहकार्य गरि एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ।

**गाउँ सभा सदस्यज्यूहरु,**

अब म संघीयता कार्यान्वयनसँगै स्थानीय तहहरुको स्थापना पश्चात विगतका आर्थिक वर्षहरुमा भएका असल अभ्यासहरुलाई निरन्तरता दिंदै संघ र प्रदेश सरकारका नीतिहरुको अबलम्बन तथा गाउँपालिकाको विद्यमान स्रोत र साधनको उपलब्धतालाई मध्यनजर गर्दै गाउँपालिकावासी, राजनीतिक दल र सरोकारवालाहरुबाट प्राप्त सुझावको आधारमा तयार गरिएको आगामी आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

**(क) आर्थिक विकास**

**१. कृषि तथा पशुपन्क्षी**

**"<u>उन्नत कृषिः किसानको समृद्धि</u>"**

सिँचाइ विस्तार, कृषि भूमिको सही उपयोग र आधुनिक प्रविधिको माध्यमबाट कृषिको आधुनिकीकरण र बजारीकरण गर्दै पालिकालाई आत्मनिर्भर र किसानलाई समृद्ध गराउनः

- कृषि क्षेत्रको परम्परागत प्रविधिलाई आत्मसात गर्दै, आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नको लागि कृषि यन्त्र उपकरणहरुमा दिंइदै आएको अनुदानलाई थप व्यवस्थित गरिनेछ।
- गाउँपालिकाका भित्र हरेक वडामा माटो परीक्षण गरी माटो सुहाउँदो बाली लगाउन प्रोत्साहन गरिनेछ ।
- व्यवसायिक खेतितर्फ कृषकलाई उन्मुख गराउनका निम्ति प्लाष्टिक घर निर्माण गर्न आवश्यक प्लाष्टिक टनेल अनुदानको व्यवस्था गरिनेछ।
- गाउँपालिकामा रहेका कृषक, कृषक समूह, कृषि सहकारी, कृषि फर्म, जग्गाको अवस्था, लगाउने बाली तथा तिनको क्षेत्रफल लगायतका बारेमा अध्ययन तथा तथ्याङ्क संकलन गरी लक्षित वर्ग र समूहका लागि आकर्षक कृषि कार्यक्रमहरु सञ्चालन गरिनेछ।

- रैथाने बालीहरुको संरक्षण तथा प्रवर्द्धन गरी उत्पादनमा वृद्धि हुने खालका गतिविधिहरु सञ्चालन गरिनेछ भने ती वस्तुहरुको प्याकेजिङ्ग, ब्रान्डिङ्ग गरी बिक्रीको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ।
- खेतियोग्य जमिनमा सिँचाइको व्यवस्था गरी सिँचित क्षेत्रको बिस्तार गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिँचाइ कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषकको खेतबारीमा देखापर्ने रोग किराको समयमा नै समस्या समाधानको उपाय प्रवाह गर्नको लागि आकास्मिक बाली संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।
- कृषि एम्बुलेन्सको लागि संघीय सरकार र प्रदेश सरकारसँग आवश्यक समन्वय गरिनेछ ।
- कृषक तथा कृषक समूहलाई कृषि उत्पादन, प्रविधि प्रसार, बाली संरक्षण तथा बजारीकरण लगायतका विषयमा जानकारी दिनका लागि स्थलगत धुम्ती तालिम सञ्चालन गरिनेछ।
- सक्रिय कृषक समूहका सदस्य एवम् अगुवा कृषकलाई मध्यनजर गरी नयाँ एवम् उन्नत जातका तरकारी बालीको बीउबिजनमा सहयोग गरिनेछ।
- कृषि पेशालाई सम्मानजनक रोजगारी र दिगो आम्दानीको उपयुक्त क्षेत्रको रुपमा विकास गर्न निर्वाहमुखी कृषिलाई व्यावसायिक कृषि प्रणालीमा रुपान्तरण गर्न जोड दिइनेछ।
- किसान सूचीकरणको माध्यमद्वारा किसानको वर्गीकरण गरी तिनै तहको सरकारबाट कृषि सम्बन्धी हरेक सेवा सुविधा प्रदान गर्न अनिवार्य रुपमा किसान सूचीकरण एवम् किसान परिचय पत्र वितरण गर्ने कार्यलाई अघि बढाइनेछ।
- **"प्रत्येक घरमा फलफूल र तरकारी, बाँझो जमिनमा खेति गरी भरौं भकारी"** भन्ने मूल नारा तय गरी विकास साझेदारहरुसँग साझा अभियान सञ्चालन गरी **"बाँझो जमिन, खेति अभियान"** कार्यक्रम सञ्चालन गरिनेछ।
- **"जैविक विविधताको संरक्षणः रुख तथा बालीको मिश्रण र आयआर्जन"** भन्ने नाराका साथ जलवायु उत्थानशील र समावेशी जीविकोपार्जन तथा स्थलीय पारिस्थितिक प्रणाली व्यवस्थापन र संरक्षण गर्दै खाद्य सुरक्षा र आय वृद्धिको प्रवर्धन गर्न **नमूना जलवायु स्मार्ट कृषि तथा कृषिवन कार्यक्रम** सञ्चालन गरिनेछ।
- कृषि सामग्रीहरुमा विशेष अनुदान दिइनेछ भने कृषिजन्य उत्पादनको आधारमा कृषक र कृषक समूहहरुलाई प्रोत्साहन अनुदान प्रदान गरिनेछ।
- कृषकको प्राविधिक ज्ञान, क्षमता र चेतनाको स्तरमा सुधार ल्याउन आवश्यकताको आधारमा निःशुल्क सेवा टेवा सहितको तालिम सञ्चालन गरिनेछ ।
- स्थानीय उत्पादनबाट कृषकहरुलाई अधिकतम लाभ लिई जीविकोपार्जनमा सुधार ल्याउन उत्पादनको संकलन, भण्डारण, प्रशोधन र बजारीकरणको पहुँच सुनिस्चित गर्न आवश्यकता अनुसार संकलन केन्द्र तथा कोल्ड स्टोर स्थापना गर्ने कार्य यसै बर्षबाट शुरुवात गरिनेछ ।
- उन्नत कृषि प्रविधि अवलोकन तथा ज्ञान आदानप्रदान तथा व्यवसायिक पशुपन्छी पालनतर्फ आकर्षण गर्न अन्तर जिल्ला अगुवा कृषक अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
- सरकारी, गैर सरकारी तथा निजि संस्थाहरुको सहकार्य तथा समन्वयमा कृषि कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- कृषि क्षेत्रको उत्पादनमा आउने प्राकृतिक तथा बाह्रय जोखिमबाट हुने क्षतिपूर्तिको उचित व्यवस्थापन गरिनेछ । कृषि र पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनीकरण गर्न कृषि बीमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- खाद्यान्न बाली, तरकारी, फलफूल, मसलाबाली तथा अन्य बिरुवाहरु बीउ तथा बेर्नाहरु उत्पादन गरिनेछ ।
- माछा, मासु, दुध र मह उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर उन्मुख गराइनेछ ।
- पशुपन्छीमा लाग्ने संक्रामक रोगहरु विरुद्ध प्रभावकारी खोप कार्यक्रम सञ्चालन गरिनेछ।
- भेटेरिनरी सेवाको पहुँचबाट टाढा रहेका किसानहरुको पशुधनमा लाग्ने रोगको उपचार तथा नियन्त्रणको लागि निःशुल्क पशु स्वास्थ्य शिविर तथा अन्य शिविरहरु सञ्चालन गरिनेछ।
- पशुपन्छीमा लाग्ने संक्रामक रोगको निदानका लागि पशुपन्छी रोगका नमूना संकलन गर्न गाउँपालिका स्तरीय पशुरोग प्रयोगशाला स्थापना गरिनेछ ।

- पशुमा नश्ल सुधार गरि किसानको पशुपन्छीजन्य उत्पादन बढाउन कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुहरुलाई आहारा व्यवस्थापन गर्नको लागि घाँस विकास कार्यक्रम अन्तर्गत उन्नत जातका डाले घाँस तथा भुई घाँसको क्षेत्र विस्तार कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- पशुपन्छीहरुमा लाग्ने रोगहरुको औषधि उपचार सम्बन्धी व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**२.उद्योग, सहकारी र पर्यटन**

सार्वजनिक, निजी र सहकारीको माध्यमद्वारा औद्योगीकरण गर्दै उत्पादन वृद्धि, रोजगारी सिर्जना, गरिबी निवारण र आत्मनिर्भर तथा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्नः

- वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरू अगाडि बढाइनेछ भने पालिकामा रहेका सबै सहकारी संस्थाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने र सहकारीहरुको नियमित अनुगमन गरी कुशल व्यवस्थापनमा जोड दिइनेछ ।
- हरेक किसानलाई सहकारी तथा कृषक समूहमा आवद्ध गराई सहकारी मार्फत कृषि उपजको बजारीकरण गरिनेछ ।
- गाउँपालिका भित्रका सहकारीहरुको कार्यक्षमताका आधारमा सहकारीहरुको क्षमता विकास गरिनेछ ।
- ढाका बुनाई, बाँस तथा चोयाबाट बन्ने सामग्रीको उत्पादन, ऊनको झोला, जस्ता घरेलु तथा साना उद्योग र परम्परागत उद्योगलाई संरक्षण, प्रोत्साहन एवम् प्रबर्द्धन गर्न लघु उद्यम शाखा र सहकारी शाखा बीचको समन्वयमा कार्यक्रम सञ्चालन गरिनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्र पर्ने ऐतिहासिक, सांस्कृतिक, धार्मिक, सम्पदाहरूको अध्ययन अनुसन्धान गरी संरक्षण तथा प्रवर्द्धन गरिनेछ ।
- पर्यटकीय प्रवर्द्धनका लागि सम्भाव्यता बोकेका स्थल, वनस्पति उद्यान, डुङ्गेल मन्दिर, कोटाफेरा, मालिका मन्दिर, कुइयाँताल, मुग्रा धारा, देवल, शिलालेख, प्राचीन कुवाहरु, गुफा, झाङ्ग्रेढुङ्गा, सातमुल, नारायण थान, लगायतका विभिन्न क्षेत्रको संरक्षण र सम्वर्द्धन गर्नको लागि धार्मिक तथा साँस्कृतिक सम्पदाको रुपमा सूचिकृत गरी प्रचारप्रसारको अभियानलाई जोड दिइनेछ ।
- पर्यटन विकासलाई प्रवर्द्धन गर्न पालिका भित्रका उपयुक्त स्थानमा होम–स्टे र पिकनिक स्थल सञ्चालन गर्न व्यवसायिहरूलाई प्रोत्साहन गरिनेछ ।

**(ख) सामाजिक विकास**

पूर्वाधार, जनशक्ति, वित्तीय व्यवस्थापन र उच्च चेतनाको विकासद्वारा स्वास्थ्य सम्बन्धी मौलिक हकको कार्यान्वयन गर्नः

**१. स्वास्थ्य तथा आयुर्वेद**

- स्वास्थ्य संस्था तथा गाउँघर क्लिनिक मार्फत वृद्धि अनुगमनलाई नियमित र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- पूर्ण खोप पालिका घोषणालाई दिगोपना दिइनेछ ।
- गर्भवती अवस्थामा स्वस्थ बानी व्यवहार अपनाउनका लागि टोल स्तरमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सुनौलो हजार दिनका आमा तथा बच्चाहरूको कुपोषणको अवस्थालाई मध्यनजर गर्दै प्रत्येक ६/६ महिनामा टोल स्तरमा पुगी लेखाजोखा गरी थप OTC सेन्टर स्थापना गरिनेछ ।
- बालबालिकालाई प्रदान गरिने पोषण भत्तालाई वृद्धि अनुगमन सँगसँगै लगिनेछ ।
- समुदायमा आधारित एकीकृत बालरोग व्यवस्थापन तथा नवजात शिशु स्याहार कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवद्धि गरिनेछ ।
- स्वास्थ्य संस्थाहरूबाट निःशुल्क परिवार नियोजनको सेवा विस्तार गरिनेछ ।मोमेन्टम लगायतका साझेदार निकायसँगको साझेदारीमा निजी क्षेत्रबाट प्रदान गरिने परिवार नियोजन सेवालाई पालिकाको DHIS मा आवद्ध गरिनेछ ।

- आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक औषधि खरिद प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- **जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुका लागि निःशुल्क घरदैलो स्वास्थ्य परीक्षण कार्यक्रम**लाई यसै वर्षदेखि थालनी गरिनेछ ।
- PNC सेवालाई बढाउनका लागि स्वास्थ्यकर्मीहरूद्वारा घरमा पुगी जाँच गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ। मातृ तथा बाल स्वास्थ्य सेवा समन्वयका लागि **"मोवाईल स्वास्थ्य कार्यक्रम"** सञ्चालन गरिनेछ ।
- पालिका भित्रका स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकेको अवस्थामा स्वास्थ्य संस्थाको रेफरमा प्रदेश भित्रका जुनसुकै स्वास्थ्य संस्थासम्म पुऱ्याउन एकतर्फी एम्बुलेन्स सेवा निःशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- जनघनत्व तथा भूगोलका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका गाउँघर क्लिनिक, खोपकेन्द्र आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा स्तरोन्नति गरिनेछ ।
- विशेषज्ञ सहितको स्वास्थ्य शिविर मार्फत आँखा, स्त्री रोग, दन्त रोग र अन्य स्वास्थ्य परीक्षणका कार्यहरु सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकाको उच्च मूल्याङ्कन गर्दे क्षमता अभिवृद्दि, थप व्यवस्थापनका सामग्री, प्रोत्साहन रकम र अवकाश कोषलाई निरन्तरता दिइनेछ साथै सञ्चार खर्चको व्यवस्था गरिनेछ ।
- पालिका स्तरीय मासिक ,चौमासिक ,अर्ध वार्षिक तथा वार्षिक समीक्षा गोष्ठी, पालिकाको वार्षिक प्रतिवेदन तयारी र स्वास्थ्य संस्थाहरुमा चौमासिक कार्यक्रम लाई प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका तथा वडास्तरीय द्रुत प्रतिकार्य टोली (RRT) पुनर्गठन गरी प्रभावकारी गराइनेछ ।
- मुटुरोग, मधुमेह, मृगौला रोग, श्वासप्रश्वास सम्बन्धी रोग, मस्तिष्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरूको रोकथाम र व्यवस्थापनका लागि आवश्यक रणनीति लिइनेछ । यस्ता बिरामीहरुलाई नेपाल सरकारले दिँदै आएको निर्वाह भत्ता नियमित रुपमा बैंक खाता मार्फत भुक्तानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- गर्भवती महिलाहरुको नियमित स्वास्थ्य जाँच गर्न सबै वडाहरुबाट निःशुल्क भिडियो एक्सरे सेवा निरन्तर रुपमा सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवासँग सम्बन्धित सूचना प्रणालीलाई एकीकृत गरी प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य क्षेत्रका प्रगति एवम् उपलब्धीहरूलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरूसँग आवश्यक समन्वय, सहकार्य तथा साझेदारी गरी कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थामा खानेपानी, शौचालय, बिजुली, इन्टरनेट सेवा, भण्डारण कक्ष, प्रतिक्षालय, बगैचा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवम् परिणाममूखी बनाउन नागरिक बडापत्र, निःशुल्क औषधिहरूको सूची, समिति तथा कार्यरत कर्मचारीहरूको फोटो सहितको नामावली टाँस गर्नुका साथै स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षण गरिनेछ ।
- स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिताको लागि गाउँपालिका स्तरबाट आवश्यक अनुगमन तथा मूल्याङ्कन संयन्त्रको व्यवस्था गरी प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धि गरी जिम्मेवार बनाइनेछ ।
- स्वास्थ्यकर्मीहरूको बार्षिक कार्यसम्पादन मूल्याङ्कनको आधारमा बार्षिक रुपमा उत्कृष्ट स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयमसेविकालाई सम्मान तथा पुरस्कृत गरिनेछ ।
- स्वास्थ्य सेवा दिवस, नर्सिङ दिवस, क्षयरोग दिवस, कुष्टरोग दिवस, एड्स दिवस, सुरक्षित मातृत्व दिवस, महिला स्वास्थ्य स्वंयसेविका दिवस, लगायतका अन्य दिवस मनाउने कार्यलाई निरन्तरता दिइनेछ ।
- हरेक विद्यालयमा वर्षमा कम्तिमा २ पटक विद्यालय स्वास्थ्य शिक्षा सँगै स्वास्थ्य परीक्षणको व्यवस्था मिलाइनेछ ।
- आयुर्वेद सेवालाई प्रभावकारी रूपमा सञ्चालन गर्नको लागि जनशक्ति विकास, औजार उपकरण, योग शिक्षा र पूर्वाधार विकासको उचित व्यवस्थापन गरी डुङ्गेश्वर गाउँपालिकाको केन्द्रबाटै सेवा प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

- वर्थिङ्ग सेन्टरमा सुत्केरी र कुरुवा १ जनालाई २४ घण्टासम्म खानाको खर्च व्यवस्थापन गरिनेछ।
- महिला तथा किशोरीहरुको आत्मसम्मानको रक्षा गर्दै महिनावारी भएको समयमा अपनाइने विभिन्न हानीकारक अभ्यासहरुको निर्मूल गरी महिला र किशोरीहरुको आत्मसम्मानको रक्षा गर्न मर्यादित महिनावारी स्वच्छता व्यवस्थापन अभियान सञ्चालन गरिनेछ ।

**२. खानेपानी, सरसफाइ र बजार अनुगमन**

**"स्वच्छ खानेपानीः सफा बस्ती र राम्रो आनीबानी"**

प्रत्येक नागरिकलाई स्वच्छ पिउने पानी र सरसफाइको व्यवस्था मार्फत सफा, सुन्दर र सभ्य पालिका निर्माण गर्नः

- **"एक घर एक धारा"** नीति अनुसार जलवायु उत्थानशील खानेपानी योजनाहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वच्छ र गुणस्तरीय खानेपानी उपलब्ध गराउन पालिकास्तरीय खानेपानी प्रयोगशालालाई थप स्रोत साधन सम्पन्न र व्यवस्थित गर्दै लगिनेछ ।
- राष्ट्रिय खानेपानी सरसफाइ तथा स्वच्छता सम्बन्धी सूचना व्यवस्थापन नीति अनुसार NWASH-MIS सूचना प्रणाली विकास गर्न र जलवायु उत्थानशील खानेपानी योजना तयार गरी जलवायू अनुकूलित संरचना निर्माण तथा पुनःस्थापना कार्यका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- डुङ्गेश्वर वृहत खानेपानी आयोजना निर्माणका लागि डुङ्गेश्वर गाउँपालिकाको खानेपानी स्वच्छता तथा सरसफाइ योजना (Wash Plan) र डुङ्गेश्वर खानेपानी व्यवस्थान बोर्ड (गठन, सञ्चालन र व्यवस्थान) ऐन,२०८२ अनुसारको कार्य अघि बढाइनेछ ।
- गाउँपालिकालाई पूर्ण सरसफाइ उन्मुख बनाउन सार्वजनिक स्थल, विद्यालयहरूमा खानेपानी तथा सरसफाइ र वातावरणीय स्वच्छता लगायतका विविध कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपभोग्य सामग्रीहरुको गुणस्तर कायम राख्न नियमित बजार अनुगमन तथा गुनासो सुनुवाई संयन्त्र मार्फत गाउँपालिका क्षेत्र भित्रका बजार अनुगमन तथा बजार व्यवस्थापन सुधार गर्ने प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारसँगको समन्वय र सहयोगमा लोहोरे-बाजथला-नारायण थान लिफ्टिङ्ग खानेपानी आयोजनाको कार्यलाई अगाडि बढाइनेछ ।
- डुङ्गेश्वर गाउँपालिका भित्रका बजार क्षेत्रहरुमा भएका फोहोरमैलाको उचित व्यवस्थापन गरिनेछ।
- डुङ्गेश्वर गाउँपालिका भित्र विभिन्न ठाउँहरुमा रिचार्ज पोखरीहरु निर्माण गरिनेछ ।

**३.शिक्षाः**

**"शैक्षिक सुशासन र विद्यार्थीहरुको सर्वपक्षीय रुपान्तरणका लागि दिगो शैक्षिक पूर्वाधारः सिर्जनशील, स्वाभिमानी र खुसी विद्यार्थी उत्पादन गुणस्तरीय शिक्षाको मूल आधार"**

- शैक्षिक गुणस्तर वृद्धिका लागि कम विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयलाई स्थानीय अभिभावक र समुदायको सहमतिमा कक्षा घटाउने तथा नजिकैको सामुदायिक विद्यालयमा समायोजन गर्ने कार्य गरिनेछ । साथै नयाँ विद्यालय सञ्चालन अनुमतिको लागि नक्साङ्कन गरी आवश्यकताको आधारमा विद्यालय सञ्चालन अनुमति प्रदान गरिनेछ ।
- **"हाम्रो डुङ्गेश्वर पहिचान"** स्थानीय पाठ्यक्रम अनुरूप तयार भएको पाठ्यपुस्तक (कक्षा १-४) लाई छपाई गरी सबै विद्यार्थीहरूलाई पाठ्यपुस्तक निःशुल्क वितरण गर्ने व्यवस्था मिलाइनेछ । कक्षा ५-८ को पाठ्यपुस्तक तयारीको काम अघि बढाइनेछ ।
- पूर्व प्राथमिक उमेर समूहका सबै बालबालिकाको प्रारम्भिक बालविकास तथा शिक्षामा समतामुलक पहुँच सुनिश्चित गर्न बालविकास केन्द्रको नक्साङ्कन, पुनर्वितरण तथा कक्षा व्यवस्थापनमा सुधार गर्दै बालविकास केन्द्रका सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरिनेछ ।
- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न विद्यालय उमेर समूहका सबै किसिमका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी टिकाइराख्न दिवा खाजा, छात्रवृत्ति, स्टेशनरी वितरण जस्ता कार्यक्रमहरूलाई थप प्रभावकारी ढङ्गले कार्यान्वयनमा ल्याइनेछ । साथै आधारभूत तहसम्मको शिक्षा अनिवार्य गरिनेछ ।

- पालिका भित्रका आधारभूत/माध्यमिक विद्यालयहरुमध्ये एक/एक विद्यालयलाई **जलवायु मैत्री नमूना विद्यालय**को रुपमा विकास गर्ने नीति लिइनेछ ।
- पालिका भित्रका सम्पूर्ण विद्यालयहरूको परीक्षा सञ्चालन तथा मूल्याङ्कन प्रणालीमा एकरूपता ल्याउन एकिकृत परीक्षा सञ्चालन कार्यविधी तर्जुमा गरि लागू गरिनेछ । कक्षा ८ को अन्त्यमा हुने गाउँपालिका स्तरीय परीक्षालाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ।
- विद्यालयहरूमा उपयुक्त बालमैत्री शैक्षिक वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा उपलब्ध गराउन, संघ तथा प्रदेश सरकारसँगको समन्वय, सहयोग र साझेदारीमा कक्षाकोठा निर्माण, मर्मत, फर्निचर, घेराबार, पुस्तकालय, विज्ञान प्रयोगशाला, सूचना प्रविधि प्रयोगशाला जस्ता कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका भित्रका शिक्षकहरूको कार्यक्षमतामा अभिवृद्धि गर्दै शैक्षिक गुणस्तर सुधार गर्न क्षमता विकास तालिम, विषय विज्ञहरुको परिचालन, विषय शिक्षकहरूको कार्यशाला तथा प्राथमिक तह (१-५) मा अङ्ग्रेजी भाषा शिक्षण तालिम सञ्चालन गरिनेछ । साथै अभिभावक र विद्यार्थीहरुको मागलाई सम्बोधन गर्दै सबै सामुदायिक विद्यालयको प्राथमिक तहमा अंग्रेजी माध्यमबाट शिक्षण गर्ने कार्यको थालनी गरिनेछ ।
- सामुदायिक तथा संस्थागत विद्यालयहरूको अनुगमन, सुपरिवेक्षण र मूल्याङ्कन प्रणालीलाई सुदृढ गर्दै नतिजाका आधारमा शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, विद्यालय तथा विद्यालय व्यवस्थापन समितिलाई सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- विद्यालयमा सुशासन, पारदर्शीता, जवाफदेहिता तथा वास्तविकतामा आधारित तथ्याङ्क प्रवर्द्धनमा जोड दिई एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) सुदृढ गर्दै गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरूमा क्रमसः इ-हाजिरीको व्यवस्था गर्ने नीति लिइनेछ ।
- **घर बालबालिकाको पहिलो पाठशाला** भन्ने मान्यतालाई स्थापित गर्दै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयहरुसँगको साझेदारीमा असल अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- **"हाम्रो विद्यालयः राम्रो विद्यालय"** भन्ने अवधारणासहित प्रत्येक सामुदायिक विद्यालयलाई **बाह्र महिना बाह्रै कार्यक्रम** सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।
- सबै सामुदायिक विद्यालयलाई आकर्षक फूलबारी, करेसाबारी निर्माण तथा वृक्षारोपण गरी **सुन्दर र हरित विद्यालय** निर्माण गर्नुका साथै जलवायु उत्थानशीलता तर्फ अभिप्रेरित गरिनेछ ।
- नवप्रवर्द्धनात्मक कार्यक्रम अन्तर्गत विद्यालय तहका विद्यार्थीहरूले निर्माण गरेको आविष्कारहरूको प्रदर्शनी मेला आयोजना गरिनेछ । साथै विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा पहिचानका लागि तहगत रुपमा अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई थप व्यवस्थित र जिम्मेवार बनाई अनौपचारिक शिक्षा क्षेत्रको विकासमा परिचालन गरिनेछ।
- गाउँपालिकामा प्राविधिक धारको एक विद्यालय सञ्चालनका लागि आवश्यक पहल गरिनेछ ।
- अनाथ, अपाङ्गता भएका तथा जेहेन्दार र विपन्न परिवारका बालबालिकाहरुलाई कार्यविधि तयार गरी विद्यालय पोशाक, झोला, स्टेशनरी लगायतका शैक्षिक सामग्रीहरू उपलब्ध गराइनेछ ।
- विद्यालयहरूमा शिक्षक विद्यार्थी अनुपात, विषयगत शिक्षकको आवश्यकता एवम् विद्यमान दरबन्दीको आधारमा शिक्षक दरवन्दी पुनरावलोकन, मिलान तथा पुनर्वितरण गर्नुका साथै विद्यालयको आवश्यकता र औचित्यताको आधारमा कार्यविधि तयार गरी **स्वयम् सेवक शिक्षक व्यवस्थापन अनुदान कार्यक्रम** सञ्चालन गरिनेछ ।
- **उपाध्यक्ष छात्रवृत्ति कार्यक्रम** मार्फत गाउँपालिका भित्रका विज्ञान विषय तथा प्राविधिक शिक्षा तर्फ उच्च शिक्षासम्म अध्ययनरत विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
- विद्यालयमा हुने सम्पूर्ण शैक्षिक गतिविधिहरूमा बालबालिकाहरूको धारणा बुझी शैक्षिक सुधार गर्न **बालबालिकासँग जनप्रतिनिधि कार्यक्रम** सञ्चालन गरिनेछ ।

- विगत आ.व.हरुमा विभिन्न कारणबस लागत अनुमान भन्दा बढी काम भई विनियोजन रकमबाट भुक्तानी हुन नसकी थप दायित्व सर्दै आएका योजनाहरुको बढी भएको कामको मूल्याङ्कन गराई भुक्तानी गर्न मनासिव देखिएमा सोको व्यवस्था गर्न सकिनेछ ।
- कोटदेवल जनआदर्श क्यापस डुङ्गेश्वर गाउँपालिका वडा नं.४ अवलपराजुल दैलेखलाई संचालन गर्न आवश्यक पहल र सहयोग गरिनेछ ।
- विद्यालयको प्रशासकीय प्रमुखको रूपमा रहेको प्रधानाध्यापकलाई विद्यालय विकास प्रस्तावको आधारमा नियुक्ति गर्ने कार्यलाई निरन्तरता र अनिवार्य गरिनेछ । साथै सबै प्रधानाध्यापकहरूसँग कार्यसम्पादन करार गर्ने नीति लिइनेछ ।
- संस्थागत विद्यालयहरूले प्रदान गर्ने छात्रवृत्ति सम्बन्धी विवरण लगायत अन्य आवश्यक तथ्याङ्कीय विवरणहरु अनिवार्य रुपमा शिक्षा शाखामा बुझाउनुपर्ने व्यवस्था गरिनेछ ।
- गाउँ शिक्षा ऐन, २०७४ अनुसार गठन भएका वडा शिक्षा समितिलाई प्रभावकारी बनाउँदै वडास्तरको समग्र शैक्षिक सुधारका लागि क्रियाशील गराइनेछ ।
- विद्यालयको योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित र नतिजामुखी बनाउन विद्यालय सुधार योजना निर्माणमा सरोकारवालाहरूको सहभागितालाई अनिवार्य बनाइनेछ ।
- बालबालिकाहरुमा सामाजिक, मानसिक र शारिरीक कारणले गर्दा हुने समस्याहरूको समाधान गर्न विज्ञ मनोचिकित्सकहरू मार्फत विद्यार्थी मनोपरामर्श तथा सचेतना सेवा तथा उत्प्रेरणामूलक कार्यक्रमहरु सञ्चालनका लागि आवश्यक समन्वय गरिनेछ ।
- विधार्थीहरूमा नैतिक, चारित्रिक, सामाजिक तथा राष्ट्र प्रेमको भावना विकास गर्न सबै विद्यालयहरूमा सरस्वति पुजा, गुरुपूर्णिमा, वाल दिवस र शिक्षा दिवस लगायतका दिवसहरू अनिवार्य रुपमा मनाउने व्यवस्था मिलाईनेछ ।
- पालिका भित्रका सामुदायिक विद्यालयहरूमा अध्ययनरत कमजोर सिकाइ क्षमता भएका विद्यार्थीहरूका लागि प्रत्येक विद्यालयमा उपचारात्मक कक्षा सञ्चालन गरिनेछ ।

**४. युवा, खेलकुद तथा रोजगारीः**

- डुङ्गेश्वर गाउँपालिकाको खेलकुद विकास समिति मार्फत् खेलकुद विकासका कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ। प्रत्येक विद्यालयमा खेलकुद शिक्षक तोक्नुका साथै खेलकुद क्लव गठन गरिनेछ ।
- युवा सञ्जाल तथा वडा युवा क्लवमा आवद्ध युवाको नेतृत्व विकासमा जोड दिइनुका साथै युवाको प्रतिभा पहिचान, विकास, सम्मान र प्रदर्शनको अवसर प्रदान गरिनेछ ।
- **गाउँपालिका युवा स्वयम् सेवक कार्यक्रम** सञ्चालन गरी गाउँपालिकाका युवाहरूलाई विपद् उद्धार तथा व्यवस्थापन लगायतका कार्यमा सहभागी गराइने नीति लिइनेछ ।
- युवाहरूलाई कृषि, पर्यटन, उद्योग र व्यवसायमा जोड्न सहुलियतपूर्ण कर्जाको लागि वित्तिय संस्था तथा सहकारीहरुसँग आवश्यक समन्वय गरिनेछ ।
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न कृषि, पशुपालन तथा स्थानीय कच्चा पदार्थमा आधारित उद्यमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ ।
- एक वडा एक व्यवस्थित खेल मैदान कार्यक्रम मार्फत् सबै वडाहरूमा खेल मैदान निर्माणको प्रकृया कमशः अगाडि बढाइनेछ ।
- विद्यालयस्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितालाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ।
- अध्यक्ष कप खेलकुद मार्फत् खेलकुद प्रतियोगिता सञ्चालन गरी गाउँपालिकाभित्र राष्ट्रियस्तरका खेलाडी उत्पादनमा जोड दिइनेछ । प्रतियोगिताका उत्कृष्ट खेलाडीहरू छनौट गरी गाउँपालिकाको प्रतिनिधित्व गर्दै विभिन्न खेलकुदमा भाग लिने व्यवस्था मिलाइनेछ ।
- **राष्ट्रका लागि खेलकुद, स्वास्थ्यका लागि खेलकुद** कार्यक्रम अन्तर्गत गाउँपालिका भित्रका क्षमतावान राष्ट्रिय खेलाडीहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ ।
- विद्यालय तह देखि नै खेल प्रतिभा प्रस्फुटनको वातावरण निर्माण गर्न विद्यालयलाई खेल सामग्री उपलब्ध गराउनुको साथै राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगतामा उत्कृष्ट खेलाडी र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

- विकास निर्माण र सामाजिक परिवर्तनमा युवा परिचालन तथा सामाजिक जागरणको लागि युवा सशक्तिकरण अभियान सञ्चालन गरिनेछ ।
- विभिन्न संघ संस्थाहरुसँगको समन्वयमा युवाहरूलाई सरकारी सेवाको पहुँचमा उत्प्रेरित तथा सहयोग गर्न लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा विभिन्न संगठित संघ संस्थाका लागि निःशुल्क रुपमा तयारी कक्षाहरु सञ्चालन गर्ने नीति लिइनेछ।
- यस स्थानीय तह भित्र रहेका विभिन्न रोजगारीका अवसरवाट वञ्चित वेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्र अन्तर्गत रोजगार व्यवस्थापन सूचना प्रणालीमा सुचिकृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारी प्रवर्धन गर्न आवश्यक सिपमूलक तालिमको पहिचान गरी वेरोजगार व्यक्तिलाई CTEVT लगायतका तालिम प्रदायक संस्थाहरुसँग समन्वय गरी तालिमको व्यवस्था सिप प्रमाणीकरणका लागि आवश्यक पहल गरिनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजनामा लाग्ने निर्माण सामग्री तथा औजारहरू आयोजनामा खटिने श्रमिकहरुको ज्यालामा साझेदारी गरी कार्यक्रमलाई थप प्रभावकारी बनाउनको लागि गाउँपालिकाबाट आवश्यक व्यवस्था मिलाइनेछ ।

**५. महिला, बालबालिका तथा जेष्ठ नागरिक तर्फः**

**खुसी जेष्ठ नागरिक, सुखी बालबालिकाः अपाङ्गतामैत्री हाम्रो पालिका**

- जीवनचक्रमा आधारित सामाजिक सुरक्षा कार्यक्रम मार्फत जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति र असहायहरूको संरक्षण गर्दै सभ्य र सुसंस्कृत समाज निर्माणका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।
- बाल्यकालदेखि वृद्धावस्थासम्म सम्बोधन हुने गरी सामाजिक सुरक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन र अनुगमन गरिनेछ।
- पालिकास्तरमा दर्ता भएका अपाङ्गता, जेष्ठ नागरिक, दलित र महिला सञ्जालहरुमार्फत अपाङ्गता भएका, जेष्ठ नागरिक, दलित र महिलाहरुको सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सार्वजनिक संरचना अपाङ्गतामैत्री बनाउनुका साथै अशक्त व्यक्तिका लागि सहजरूपमा आधारभूत सेवा पुर्‍याइनेछ ।
- जोखिममा रहेका अनाथ, संरक्षकमा आश्रित, मानसिक समस्या, यौन शोषण र हिंसामा परेका बालबालिकाहरूको उद्धार र पुनःस्थापनाका लागि विभिन्न गैर-सरकारी संस्था र सामाजिक तथा धार्मिक संस्थासँग सहकार्य गरिनेछ।
- सामाजिक सेवाको क्षेत्रमा संलग्न संस्थाको दर्ता नियमन, अनुगमन, मानवीय सहायताका क्षेत्रमा परोपकारी सँस्थासंग सहकार्य गरिनेछ।
- बालश्रमको अन्त्य गर्ने, कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने सुनिश्चित गर्ने, बालबालिकाको सिर्जनात्मक क्षमता विकासका लागि बाल क्लब, किशोर किशोरी क्लब र बाल उद्यानहरूको व्यवस्था गरिनेछ।
- ५५ वर्ष माथिका एकल पुरूष र अदालतबाट सम्बन्ध विच्छेद भएका तथा ४० वर्ष माथिका एकल महिलाहरूलाई दोहोरो नपर्ने गरी प्रदान गर्दै आएको मासिक एकल भत्ता रकममा वृद्धि गरिनेछ ।
- जेष्ठ नागरिक सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै जेष्ठ नागरिकसँग भएको ज्ञान, सीप र अनुभवको हस्तान्तरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने "बहुक्षेत्रीय पोषण कार्यक्रम" र "गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम" लाई दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, महिला जस्ता लक्षित वर्ग केन्द्रित गरिनेछ।

**६. सामाजिक सुरक्षा तथा पञ्जीकरण व्यवस्थापन**

- व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन (VERSP-MIS) प्रणालीलाई थप प्रभावकारी ढङ्गबाट सञ्चालन तथा व्यवस्थापन गरिनेछ। राष्ट्रिय परिचयपत्र नम्बरका आधारमा Biometric verification मार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको दर्ता र नवीकरण अनिवार्य रुपमा गरिनेछ।
- सामाजिक सुरक्षा भत्ताको विधुतीय भूक्तानी प्रणाली (EFT) लाई निरन्तरता दिँदै सामाजिक सुरक्षा भत्ता लाई थप प्रभावकारी ढङ्गबाट वितरण गर्न बैङ्कसँग आवश्यक समन्वय गरी सम्बन्धित वडाबाटै भुक्तानी गर्नका लागि पहल गरिनेछ ।

- स्थानीय पञ्जिकाधिकारीलाई (VERSP-MIS) प्रणाली सञ्चालन र सामाजिक सुरक्षा तथा व्यक्तिगत घटनादर्तासँग सम्बन्धित कानुनी व्यवस्था सम्बन्धी पुनर्ताजगी तालिम सञ्चालन गरिनेछ ।
- सबै वडा कार्यालयका लागि Biometric Devices उपलब्ध गराइनेछ ।बाँकी रहेका घटना दर्ता किताबलाई डिजिटाइजेशन गरिनेछ ।
- घटना दर्ता सप्ताह मार्फत व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षा सम्बन्धी विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ । जिल्ला निर्वाचन कार्यालयसँग आवश्यक समन्वय गरी मतदाता नामावली दर्ता संकलन स्टेशन स्थापना गरिनेछ ।

**७. कला तथा संस्कृती प्रवर्धन**

**"मौलिक कला र संस्कृतिः पर्यटनबाट समृद्धि"**

मौलिक कला, संस्कृति र सम्पदाको संरक्षण गर्दै स्थानीय पहिचानको अभिवृद्धि गर्न र पर्यटनको विकास मार्फत रोजगारी र समृद्धि हासिल गर्नः

- जैविक र पर्यावरणीय विविधतासहितको इकोटुरिजमलाई संरक्षण र विकास गरिनेछ । प्रत्येक वडामा बगैंचा तथा पार्कको विकास तथा व्यवस्थापन गरिनेछ।
- स्थानीय मौलिक संस्कृतिको रूपमा परिचित नौमति बाजा, सोरठी नाच, पञ्चे बाजा,पैसरी,बालाधमारी, देउडा, देउसी, भैलो, भोसो, सिंगारू, लाखे नाच आदिको संरक्षणका लागि तालिम तथा आवश्यक सामग्री व्यवस्थापनमा सहयोग गरिनेछ।

**(ग) भौतिक पूर्वाधार विकासः**

**"सहज आवागमनको आधारः दिगो यातायात र पूर्वधार"**

सहज आवागमन, अर्थतन्त्रमा गतिशिलता र सेवा एवम् आपूर्ति व्यवस्था सुनिश्चित गर्नः

- डुङ्गेश्वर बजारदेखि डाँडापराजुलसम्म जोड्ने कालोपत्रे सडक निर्माण समयमै सम्पन्न गर्न पहल गरिनेछ । प्रत्येक वडा केन्द्रलाई सडक पूर्वाधार मार्फत पालिका केन्द्रसँग र हरेक बस्तिहरूलाई उपयुक्त यातायात पूर्वाधारबाट नजिकको प्रशासनिक केन्द्र र बजारसँग जोडिनेछ।
- संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा नयाँ सडकहरुको निर्माण तथा स्तरोन्नति गर्ने कार्य गरिनेछ।
- गाउँपालिका भित्रका सडकहरुको लगत कट्टा गर्न सम्बन्धित निकाय (सडक विभाग, नापी कार्यालय, जिल्ला प्रशासन, मालपोत कार्यालय) हरुसँग समन्वय र सहकार्य गरी लगत कट्टा कार्य अगाडि बढाइनेछ ।
- सडक क्षेत्रमा सुरक्षा र दुर्घटना रोकथामका विशेष कार्यक्रम सञ्चालन गरिनेछ।
- सडकको ट्र्याक खोल्ने तथा सडकको स्तरोन्नति गर्ने बेलामा हुने वातावरण अन्य विनाशकारी कार्यलाई निरुत्साहित गर्न गाउँपालिकाको यातायात गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ।

**"एकीकृत बस्ती, योजनावद्ध सहरी विकासःविकसित पालिका सुरक्षित आवास"**

प्रत्येक नागरिकलाई सुरक्षित आवासको हक सुनिश्चित गर्दै एकिकृत बस्ती, योजनावद्ध सहरी विकास र विकसित पालिका निर्माण गर्नः

- संघ र प्रदेशसँग सहकार्य गर्दै अव्यवस्थित बसोबासको समस्या समाधानका लागि घरवार विहिन नागरिकलाई जनता आवास, सुरक्षित आवास, विपद् पिडित आवास, खर र फुसका छाना विस्थापित गर्ने कार्यक्रमहरुलाई अभियानका रुपमा सञ्चालन गरिनेछ।
- अवस्थित बसोबासलाई व्यवस्थित गरिनेछ। यसका लागि सार्वजनिक, निजी साझेदारी ढाँचा अवलम्बन, जग्गा एकीकरण प्रणालीलाई प्रवर्द्धन र नयाँ आधुनिक तथा हरित गाउँ बस्तीको विकासका लागि व्यवस्थित योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- सार्वजनिक जग्गा संरक्षण तथा व्यवस्थापन गर्न जग्गा अतिक्रमण र कब्जा गर्नेहरू माथि कानूनी कार्वाही गर्दै त्यस्ता जमिन सार्वजनिक स्वामित्वमा ल्याइनेछ।
- घर निर्माणमा नक्सा पास गर्ने कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- सिँचाइ क्षेत्रका साना, मझौला र बृहत सिँचाइ योजनाहरूको वर्गीकरण गरी व्यवस्थापन गर्ने नीति लिइनेछ।

- गाउँपालिका अन्तर्गत ठूला आयोजना सञ्चालन गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन र वातावारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी संघ, प्रदेश सरकार र अन्य साझेदारहरूसँग निरन्तर पहल गरिनेछ।
- गाउँपालिका भित्र स्थानीय जनताको लागत सहभागिता रहने पूर्वाधार निर्माणका कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।

**"आधुनिक ऊर्जाः उज्यालो पालिका"**

विद्युत उत्पादन र खपत बढाउने, आधुनिक उर्जामा नागरिकको सहज पहुँच सुनिश्चित गर्दै नविकरणीय ऊर्जाको प्रयोगद्वारा दैनिक जीवनमा सहजता तथा रोजगारी, आय वृद्धि र पर्यावरण संरक्षण गर्नः

- नेपाल विद्युत प्राधिकरण र बैकल्पिक ऊर्जा प्रबन्धन केन्द्रसँग आवश्यक सहकार्य र समन्वय गरी ऊर्जा उत्पादन र वितरणमा सामुदायिक, सहकारी एवम् पालिकाको सहभागिता सुनिश्चित गर्ने गरी आवश्यक कानूनी र संरचनात्मक प्रबन्ध गरिनेछ ।
- पालिकामा सञ्चालित हुने जलविद्युत आयोजनाबाट स्थानीय समुदायलाई साझेदार र लाभान्वित बनाउन पहल गरिनेछ।
- बायो ग्याँस, सौर्य ऊर्जा, वायु ऊर्जा, लघु जलविद्युत लगायतका वैकल्पिक ऊर्जाका प्रयोगबाट सबै परिवारमा आधुनिक ऊर्जा पुऱ्याउन, घरेलु प्रयोगमा विद्युतीय चुलो लगायत नविकरणीय ऊर्जाको उपयोग बढाइनेछ।

**(घ) वन, वातावरण तथा विपद् व्यवस्थापन**

**"जलवायु अनुकुलन र विपद व्यवस्थापनः विकास र वातावरणबीच सन्तुलन"**

जलवायु परिवर्तनको प्रतिकुल प्रभावबाट समुदायलाई सुरक्षित गर्न, पर्यावरणको संरक्षण गर्न, विकास- वातावरणबीच सन्तुलन कायम गर्न, हरित विकासलाई प्रवर्द्धन गर्न, जलवायु उत्थानशीलताका विषय र पक्षहरूलाई प्राथमिकता दिनः

- जलस्रोत र प्राकृतिक स्रोतसँग सम्बन्धित क्षेत्रको योजना तयार, सञ्चालन तथा व्यवस्था गर्न आवश्यक योजना तथा कानुन निर्माण गरिनेछ ।
- जलवायु परिवर्तन र विपद् जोखिमका प्रतिकुल प्रभावबाट संरक्षण र अनुकुलताका लागि आवश्यक पर्ने जनचेतना, क्षमता अभिवृद्धि तथा प्रविधिको जानकारिका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- वृक्षारोपणलाई अभियानकै रूपमा सञ्चालन गर्ने, वन संरक्षण, सामुदायिक वनको व्यवस्थापन, निजी वनको विकासका कार्यक्रम अगाडी बढाउने र वन सम्पदाको समूचित विकासद्वारा समुदायको आय आर्जनमा वृद्धि गरिनेछ।
- जमिनमा पानीको पुनर्भरण र जमिनको जलस्तर बढाउने, तटबन्ध निर्माण, वर्षातको पानी संकलन ,पोखरीको निर्माण र संरक्षण तथा जलधार क्षेत्रको विकास गर्ने, एकिकृत जलाधार क्षेत्र संरक्षण, बाढी पहिरो नियन्त्रण, आगलागि तथा डढेलो नियन्त्रण, जल उत्पन्न जोखिम न्यूनीकरण र जलस्रोतको बहुउपयोगका लागि "**एक टोल एक पोखरी**" अभियान सञ्चालन गरिनेछ । यसरी निर्माण हुने संरचनाहरू जलवायु उत्थानशिलतालाई ध्यानमा राखि निर्माण गरिनेछ।
- विपद् जोखिमको नक्साङ्कनका आधारमा प्राकृतिक स्रोत विपद्को सामना गर्न पूर्व तयारी, आपतकालिन उद्धार, राहत एवं पुनःनिर्माण तथा पुनर्स्थापना, बन्दोबस्तीका सामग्री, एकीकृत र सुरक्षित बस्ती विकास गर्न तीनै तहका सरकारबीच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।
- यस पालिकाभित्र रहेका जोखिमयुक्त स्थानहरुको पहिचान गरी जोखिम न्यूनीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विपद्बाट हुने मानवीय, भौतिक क्षति रोक्न भूमि संरक्षण तथा पहिरो नियन्त्रण सम्बन्धी कार्य, नदी खोला तटबन्ध तथा बाढी नियन्त्रण सम्बन्धी कार्य तर्जुमा गर्नुका साथै भुकम्प प्रतिरोधी भवन आचारसंहितालाई पूर्ण रुपमा लागू गरिनेछ।
- प्राकृतिक तथा विपदबाट क्षति भएका विद्यालय घर लगायतका संरचनाहरुको विवरण संकलनका आधारमा उद्धार तथा पुनर्स्थापना कार्यक्रम तत्काल गरिनेछ ।
- सामुदायिक तथा साझेदारी वन उपभोक्ता समितिसँगको सहकार्यमा जडीबुटी एवम् वन पैदावार उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने र कृषि वनलाई प्रोत्साहन गरिनेछ।
- सबै वडाहरूमा टोल विकास संस्था गठन र दर्ता गरी **"आफ्नो टोल आफै बनाउँ"** अभियानलाई अवलम्बन गरिनेछ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

**१.संस्थागत सुदृढीकरणः योजनावद्ध विकास**

**"समुन्नत लोकतन्त्रको आधारः मेलमिलाप, न्याय र मानव अधिकार"**

मानव अधिकारको सम्मान, सामाजिक न्यायको प्रत्याभूति,सामाजिक सौहार्दता, जातीय सद्भाव र सांस्कृतिक सहचार्यका माध्यमबाट समुन्नत समाज निर्माण गर्न:

- शासकीय सुधार र सुशासन प्रवर्धन गर्नको लागि सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, जनउत्तरदायित्व र सहभागिता सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सेवा प्रवाहको मूल्याङ्कन, प्रभावकारी रुपमा स्रोत साधनको परिचालन, लक्षित वर्ग केन्द्रित कार्यक्रम, विकासमा जनसहभागिता, घुम्ती सेवा र विद्युतीय माध्यमको उपयोग गरिनेछ।
- डुङ्गेश्वर गाउँपालिकाको कार्यालय, वडा कार्यालय, र मातहतका निकायहरुमा प्रशासनिक क्षमता अभिवृद्धि, जनशक्ति व्यवस्थापन, सेवा प्रवाहको सुधार र सूचना प्रविधिको उपयोगमा मार्गदर्शन गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम, गोष्ठि, अन्तरक्रिया लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।
- पालिका स्तरीय स्थानीय बजार अनुगमन कार्यलाई प्रभावकारी गराईनेछ ।
- डुङ्गेश्वर गाउँपालिकाको कार्यालय लगायत मातहतका कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन र परिचालन गरिनेछ।
- विद्युतीय माध्यम एवम् नविन प्रविधिको उच्चतम उपयोग गरी सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, जनस्तरमा सूचनाको नियमित र सहज पहुँचको प्रबन्ध गर्न डिजिटल प्रशासन प्रवर्द्धन कार्यक्रम लागू गरिनेछ।
- दिगो विकासको लक्ष्य प्राप्ति गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र गैर सरकारी संस्थाको भूमिका अभिवृद्धि गरी संस्थागत सुशासन कायम गरिनेछ।
- नीति निर्माण, योजना तर्जुमा, बजेट तथा कार्यक्रम तर्जुमाको प्रक्रियामा महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, युवा लगायत सबै वर्ग समुदायको सहभागिता सुनिश्चित गरिनेछ।
- लक्षित वर्ग, समुदाय र लिङ्गको लागि नीति, योजना, कार्यक्रम तथा क्रियाकलाप तर्जुमा गरी अति विपन्न, अशक्त, असहाय,अपाङ्गता भएका व्यक्ति, दलित एवम् बहिष्करण तथा वञ्चितीकरणमा परेका वर्ग, समुदाय र लिङ्गको नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा प्राथमिकता प्रदान गरी रोजगारी तथा आय आर्जनका माध्यमबाट लक्षित वर्ग तथा समुदायको आत्मनिर्भरता अभिवृद्धि गरिनेछ।
- प्रत्येक वर्ष आयोजना बैंकको स्थापना र मध्यमकालीन खर्च संरचनाको कार्यान्वयन गरी आवधिक योजना र बजेटबीच अन्तरआवद्धता कायम गरिनेछ।
- सरकारले योजना, नीति, बजेट तथा कार्यक्रम तयार गर्दा दोहोरोपना नहुने गरी संघ र प्रदेश सरकारसँग समन्वय, सहकार्य गर्दै विनियोजित स्रोतको कुशलतापूर्वक परिचालन गरिनेछ।
- सबै राष्ट्रसेवक कर्मचारी, प्रचलित कानून बमोजिम स्थापना भएका तोकिएका संस्थामा कार्यरत कर्मचारी तथा वैदेशिक रोजगारीमा जाने कामदारको परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा अनिवार्य आवद्ध गरिनेछ।
- संघ तथा प्रदेश सरकारसँगको समन्वयमा न्यायिक समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन पूर्वाधार निर्माण, समितिको क्षमता विकास एवम् स्थानीय मेलमिलाप र मध्यस्थकर्ताको व्यवस्था गरिनेछ।
- द्वन्द्वका घाउ मेटाउन, सामाजिक सद्भाव कायम गर्न, मेलमिलाप अभिवृद्धि गर्न, सांस्कृतिक र जातीय सहकार्यको विकासका लागि विशेष अभियान सञ्चालन गरिनेछ।
- संघ प्रदेश र स्थानीय तह तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरू बीच सहकार्य, सहयोग र समन्वय सम्बन्धी कार्य अगाडि बढाइनेछ।
- संविधान प्रदत एकल तथा साझा सूचीमा रहेका अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि पालिकाबाट निर्माण हुन बाँकी कानूनको निर्माण गरिनेछ।
- महालेखा परीक्षकको लेखापरीक्षण प्रतिवेदनले देखाएका बेरूजु फछ्र्यौट कार्यलाई प्रथामिकता दिदै लेखा समितिलाई सक्रियाता साथ लेखापरीक्षण समपरीक्षणका लागि वेरुजु फछ्र्यौट कार्यविधि अनुरुप क्रियाशील गराइनेछ ।
- योजनावद्ध, जनसहभागितामुलुक एवम् समन्यायिक विकासका लागि वास्तविक तथ्याङ्क, उपयुक्त नीति तथा आवश्यक कानूनी प्रबन्ध र पालिकाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

- सार्वजनिक एवं सरकारी सम्पत्तिको अभिलेख संकलन, संरक्षण र व्यवस्थापन, भु-सूचना प्रणालीको विकास तथा व्यवस्थापनमा जोड दिइनेछ।
- गाउँपालिका भित्रका मानसिक सन्तुलन गुमाएका असक्त, असहाय, बेसाहारा व्यक्तिहरुलाई सेवा आश्रम जस्ता संस्थाहरुमा सुरक्षित राख्नको लागि समन्वय तथा सहयोग गरिनेछ ।
- योजना तथा कार्यक्रमहरुलाई तथ्याङ्कसँग आवद्ध गर्नका लागि आवश्यक विभिन्न तथ्याङ्कहरु समय समयमा संकलन गरी संकलित तथ्याङ्कहरुको अभिलेख व्यवस्थापन गरी सो अनुरुप विकास निर्माण कार्यलाई प्राथमिकता दिइनेछ ।
- अस्थायी करार सेवामा कार्यरत कर्मचारीको सेवा सुविधामा तह अनुरूप एकरूपता ल्याईनेछ साथै सामाजिक सुरक्षा कट्टी गरी सामाजिक सुरक्षा कोषमा आबद्ध गरिनेछ ।
- गाउँपालिका तथा अन्य सरकारी संस्थाबाट वर्ष भरी भए गरेको काम कारबाहीको मूल्याङ्कनको लागि तथा कार्यक्रमहरूको सुधारात्मक पक्ष समेतको लागि निर्दिष्ट ढाँचा तयार गरी हरेक वर्ष वडास्तरवाट समेत नागरिक सन्तुष्टि सर्वेक्षण गर्ने कार्यलाई निरन्तरता गरिनेछ।

**२. सूचना तथा सञ्चार प्रविधिः**

- जनशक्तिको क्षमता अभिवृद्धि गर्न सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरी कार्यालयहरूबाट हुने सेवालाई छिटो छरितो र भरपर्दो बनाइनेछ। साथै गाउँपालिका तथा वडा कार्यालयहरूबाट प्रदान गरिने सेवाहरूलाई क्रमश डिजिटाइजेसन गर्ने कार्यलाई निरन्तरता दिँदै लगिनेछ।
- पालिकाको Website, Digital Interactive Board, पत्रपत्रिका, टेलिभिजन एवम् सामाजिक सञ्जालको सञ्चालन तथा अधिकतम प्रयोग मार्फत जनचेतना, कृषि सेवा मौसमको पूर्वअनुमान, यातायात तथा ट्राफिक संकेत र सूचना, बजार मूल्य, विपद् तथा महामारी सम्बन्धी सचेतना फैलाइनेछ।
- स्थानीय सञ्चारकर्मी, सञ्चारगृहको संस्थागत विकास एवम् क्षमता विकासको लागि आपसी समन्वय र सहकार्य गरिनेछ । सञ्चार सेवालाई प्रभावकारी बनाउन नेपाल टेलिकम र एनसेल प्रा.लि., इन्टरनेट सेवा प्रदायकसँग थप स्थानमा प्रशारण टावर र लाइन विस्तार गर्न पहल गरिनेछ।
- सामाजिक संजालको बढ्दो प्रयोग सँगै हुन सक्ने असुरक्षा तथा साइबर अपराध सम्बन्धी सचेतना तथा साइबर सुरक्षा कार्यक्रम सञ्चालन गरी नागरिकहरूलाई यसको सहि प्रयोग गर्न अभिप्रेरित गरिनेछ।

**३.न्याय, शान्ति सुरक्षा र सार्वजनिक सम्पत्ति संरक्षण**

- ऐन कानूनमा भएका व्यवस्था र हक अधिकारका बारेमा प्रत्येक नागरिकलाई सचेत तथा जागरुप गराउन प्रत्येक वडामा कानूनी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- आर्थिक रुपले विपन्न र पिछडिएका वर्ग तथा समुदायका व्यक्तिहरुलाई न्यायमा पहुँच पुर्‍याउन कानूनी सहायता प्रदान गरिनेछ ।
- गाउँ तथा टोलस्तरमा हुने गरेका विवादहरुलाई मेलमिलापकर्ताको माध्यमबाट वडास्तरबाट मिलापत्र गराई आपसी सद्भाव ,विश्वबन्धुत्व र भाईचाराको सम्बन्धको विकास गरिनेछ ।
- स्थानीय न्यायिक समितिको क्षमता अभिवृद्धि गर्दै न्यायिक निरुपण प्रणालीलाई सुधार गरिनेछ ।
- गाउँपालिका भित्र शान्ति र अमनचयनको वातावरण सिर्जना गर्न नेपाल प्रहरी लगायतका सुरक्षा निकायसँग प्रभावकारी रूपमा सहकार्य गरिनेछ।
- सार्वजनिक खरिद ऐन तथा सार्वजनिक खरिद नियमावली अनुसार एकीकृत वार्षिक खरिद योजना बनाई जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ।
- गाउँपालिकाको कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरू लगायत अन्य कार्यालयहरूको वार्षिक जिन्सी निरीक्षण समितिबाट पेश गरिएको प्रतिवेदनका आधारमा आवश्यक काम कारबाही गरिने छ।

**४.राजश्व परिचालन तथा वित्तिय व्यवस्थापनः**

- करको सम्भावित नयाँ क्षेत्रको पहिचान गरी सबै व्यक्ति र संस्थालाई करको दायरामा ल्याईनेछ साथै करदाताहरूको अभिलेख प्रविधिलाई निरन्तरता दिइनेछ।

- वडा कार्यालयहरूको प्रभावकारी व्यवस्थापन गरी वडा कार्यालयमा व्यापार व्यवसायको लगत संकलन, दर्ता र नवीकरणको व्यवस्था मिलाइनेछ ।आर्थिक क्रियाकलापहरूको निश्चित समयमा गाउँपालिकाको वेवसाइट वा सूचना पाटीमा सार्वजनिक गरिनेछ ।
- समपूरक कोष, सडक मर्मत सम्भार कोष, विपद व्यवस्थापन कोष, कर्मचारी कल्याण कोष जस्ता आवश्यक कोषहरूको स्थापना र व्यवस्थान गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरू,**

प्रस्तुत नीति तथा कार्यक्रम तयारीमा सहयोग पुऱ्याउने स्थानीय राजश्व परामर्श समिति, बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् गाउँपालिका उपाध्यक्षज्यू र समितिका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सदस्यहरूज्यूहरू, गाउँसभाका सदस्यज्यूहरू, सबै विषयगत समितिका संयोजक तथा सदस्यहरूज्यू, विभिन्न बौद्धिक वर्ग प्रति हार्दिक आभार प्रकट गर्दछु।यस वर्षको नीति तथा कार्यक्रम तर्जुमाको क्रममा आ–आफ्नो तर्फबाट हामीलाई पत्राचार, ईमेल तथा फोन लगायत विभिन्न माध्ययमबाट सल्लाह सुझाव दिनुहुने बुद्धिजिवी, अर्थशास्त्री, निजी क्षेत्र, नागरिक समाज तथा सामुदायिक संघ संगठनहरू, पत्रकार, गाउँपालिकावासी, स्वदेश तथा विदेशमा रहनु भएका दिदी बहिनी, दाजुभाईहरू साथै यो नीति तथा कार्यक्रम निर्माणको क्रममा निरन्तर रूपमा खटेर सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सम्पूर्ण कर्मचारीहरूलाई धेरै-धेरै धन्यवाद ज्ञापन गर्दछु। संविधानले निर्दिष्ट गरे अनुरूपको कार्य गर्ने हाम्रो दायित्व हो।सम्पूर्ण डुङ्गेश्वर गाउँपालिकावासीमा सुशासनको प्रत्याभूति गराउनुका साथै विकास र समृद्धिको लागि योजनाबद्ध ढङ्गले अगाडि बढ्दै नमूना र समृद्ध डुङ्गेश्वर गाउँपालिका बनाउने मेरो दृढ संकल्प र अठोट रहेको छ ।

धन्यवाद !

सुन्दर कुमार के.सी.
अध्यक्ष
डुङ्गेश्वर गाउँपालिका, दैलेख ।